REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 15.11.2024

## बिरसा मुण्डा जयन्ती

भगवान बिरसा  मुण्डाको आज एक सय पचासौं जयन्ती हो।

यस दिनलाई वर्षेनी पन्ध्र नवम्वरमा जनजातीय गौरव दिवसको रूपमा मनाइन्छ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ र लोकसभा अध्यक्ष श्री ओम बिड़लाले जनजातीय गौरख दिवसको अवसरमा आज नयाँ दिल्लीमा पुरानो संसद भवनको प्राङ्गनमा भगवान बिरसा मुण्डाको प्रतिभामा श्रध्याञ्जली अर्पण गर्नुभयो।

## जनजाती गौरव दिवस

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जनजातीय गौरव दिवसको अवसरमा आज बिहाको जमुईमा छ हजार छ सय करोड़ रूपियाँ भन्दा अधिक राशिका कैयौं विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो।

जनजाति स्वतन्त्रता संग्रामी धरती आमा भगवान बिरसा मुण्डाको जयन्तीको उपलक्ष्यमा श्री मोदीले छत्तीसगढ़कगो रायपुरबाट पाकिम जिल्ला अन्तर्गत आसाम लिङजेमा अवस्थित जनजाति अनुसन्धान संस्थानको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो। उहाँले जन जातिय गौरव तथा कल्याणका निम्ति सरकारको प्तिवद्धता व्यक्त गर्नुभएको छ।

राज्य स्तरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामङले यस संस्थानको उद्घाटन गर्नुभयो।

जनजाति अनुसन्धान संस्थाको उदेश्य जनजाति समुदायको पारम्परिक ज्ञान, भाषा र कार्य पध्यतिको दस्तावेजीकरण र संरक्षण गर्नु रहेको छ ताकि उनीहरूको अधिकार, कल्याण र आवाजलाई वृहत राष्ट्रिय नीतिमा एकीकृत गर्न सकियोस्।

यस अवसरमा अन्य वाहेक मन्त्रीहरू  श्री साम्डुप लेप्चा र श्री राजु बस्नेत अनि लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा उपस्थित हुनुहुन्थ्यो।

<u>गभर्नर</u>

यसैवीच राज्यपाल श्री ओमप्रकाश माथुरले जनजातीय अस्मिता र वीरताका प्रतीक भगवान बिरसा मुण्डाको तस्वीरमा माल्यार्पण अर्पण गर्नुभयो।

उहाँ तादोङ पाँच माईल स्थित सिक्किम मणिपाल विश्वविद्यालयबाट  बिहारको जमुई जिल्लामा आयोजित जनजाति गौरव दिवसको राष्ट्रिय समारोहमा भर्चुअल माध्यमले सहभागी हुनुभयो।

राज्यका अन्य जिल्लामा पनि आज जनजातीय गौरव दिवस मनाइयो।

यस अवसरमा सोरेङमा धरती आमा जनजातीय ग्राम उत्कर्ष अभियानको शुभारम्भ गरियो।

गुरू नानक जयन्ती पनि आज देशमा धार्मिक श्रद्धा र उल्लासपुर्वक मनाइयो।

<u>सिएम जिमेसी</u>

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज गान्तोकको देवरालीमा राज्य पञ्चायत संसाधन केन्द्रको उद्घाटन गर्नुभयो।

पञ्चायत प्रतिनिधिहरू र हितधारकहरूका लागि प्रशिक्षण क्षमता निर्माण र श्रोतसहयोगद्वारा स्थानीय शासनलाई सशक्त बनाउन यो सुविधा उपलब्ध गराइएको बताइन्छ।

मुख्यमन्त्रीले भन्नुभएको छ स्थानीय नेताहरूलाई आवश्यक पर्ने कौशल र संसाधनहरूको माध्यमद्वारा यस केन्द्रले तृणमूल स्तरको प्रजातन्त्रलाई सुदृढ बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

## आईबिएसडी

जैव संसाधन तथा दिगो विकास संस्थान आईबिएसडीले गान्तोकमा आजदेखि जैव श्रोतबाट जैव अर्थव्यवस्था विकसित भारतका लागि पूर्वोत्तर क्षेत्रका पारम्परिक संसाधनहरूको प्रवर्ध्दन सम्वन्धमा दुइ दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन आयोजन गरिरहेछ।

यस अवसरमा सोसाइटी फर एथनोफार्मोकोलोजी, इण्डियाको एघारौं सम्मेलन पनि आयोजित भइरहेछ।

उद्धाटन समारोहमा बोल्दै जैव संसाधन तथा दिगो विकास संस्थानका निदेशक प्रोफेसर पुलोक कुमार मुकर्जीले पूर्वोत्तर  क्षेत्रको जैव संसाधनहरूबाट जैव अर्थव्यवस्थाको विकासका लागि गरिएका विभिन्न पहलहरूबारे प्रकाश पार्नुभयो।

उहाँले पूर्वोत्तर क्षेत्रमा स्टाराटअपलाई प्रोस्साहित गर्न पारम्परिक चिकित्सक व्यापार सम्मेलन, उद्योग, महिला जैव उद्यमी, महिला कौशल विकास लगायत उद्यमिता विकासको प्रबर्द्धनमा संस्थानका विभिन्न गतिबिधिहरूबारे पनि अवगत गराउनुभयो।

## एसएमयु कन्भोकेसन

सिक्किम मणिपाल विश्वविद्यालयको चौबिसौं दीक्षान्त समारोहमा आज विभिन्न विषयका लागि एकहजार भन्दा बढी छात्र छात्राहरूलाई डिप्लोमा  अनि स्नातक र स्नातकोत्तरको डिग्री प्रदान गरियो।

यीमध्ये विश्वविद्यालयको माजीटार क्याम्पसबाट पाँचसय अठात्तरजना र तादोङ परिसरबाट चार सय पैसतिसजना अनि विद्यावारिधी र अन्य विविध विषय उत्तीर्ण गर्ने विद्यार्थीहरू सामेल छन्।

राज्यपाल श्री ओमप्रकाश माथुर जो विश्वविद्यालयका कुलाधिपति हुनुहुन्छ उहाँले समारोहको अध्यक्षता गर्नुभयो।

<u>फुटबल</u>

चेन्नइन फुटबल क्लब चेन्नाइ, चालिसौं अखिल भारतीय राज्यपाल सर्वणकप क्वार्टर फाइनलमा पुगेको छ।

गान्तोकको पाल्जोर स्टेडियममा आज भएको अन्तिम प्री क्वार्टर फाइनल म्याचमा यस टीमले डायमण्ड हार्बर फुटबल क्लब, कोलकातालाई एक गोलले परास्त गर्यो।

खेला शुरू भएको एकाउन्नौं मिनटमा यो गोल मककमायुम डानियलले गरे।

उनलाई म्यान अफ द् म्याच घोषित गरियो।

भोलि पहिलो क्वार्टर फाइनल खेला भुटानको ट्रान्सपोट युनाइटेड फुटबल क्लब र गोकुलम फुटबल क्लब केरालावीच हुनेछ।